मिति: २०८३/०१/०७

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल , काठमान्डौ |

विषय: गलत नियतले संशोधन गर्न लागिएको विद्युत खरिद/विक्रि संझौता स्थगीत गरी आवश्यक कारवाही हुन ।

नेपाल विद्युत प्राधिकरण संचालक समितिको मिति २०८२।११।४ को १०२६ औं बैठकबाट नेपाल सरकारको नीति तथा पुर्न संझौताको वेवास्ता गर्दै नेपाल विद्युत प्राधिकरणलाई नोक्सानी हुने गरी Take and Pay मा विद्युत खरिद संझौता रुपान्तरण हुनु पर्ने निजि प्रर्वदकहरुसंगको संझौता Take or Pay मा संशोधन गर्ने सम्वन्धमा निम्नानुसारको निर्णय भएको छ ।

> *मिति २०७१।४।२० देखि २०७३।१०।१२ सम्म Take and Pay प्रावधान राखी विद्युत खरिद विक्रि संझौता भएको आयोजनाको संझौतालाई प्राधिकरण संचालक समितिको मिति २०७३।१०।१२ को ७४६ औं र मिति २०७५।८।२५ को ७८१ औं बैठकको निर्णय वमोजिम Take or pay प्रावधान राखी संशोधन गरिएका आयोजनाहरु मध्ये आ.व. ०८२।०८३ र आ.व. २०८४।०८५ भित्र व्यवसायीक उत्पादन सुरु गर्न नसकेका जल विद्युत आयोजनाहरुको Take or pay को समयसिमा वढाएर २०८९।०९० कायम गर्ने ।*
>
> *यस किसिमको समयसिमा विस्तार गर्दा ती आयोजनाहरुको हकमा वर्षायामको ५ महिना ( आषाढ देखि कार्तिक सम्म) संझौता उर्जा अन्तर्गत Reserve Margin को रुपमा छुट्टाइने उर्जा प्रतिशतलाई हालको १० प्रतिशतबाट वढाएर २० प्रतिशत कायम गर्ने । साथै सो प्रतिशतमा राखिएको Reserve Margin उर्जा उपर प्राधिकरणको पहिलो हक लाग्ने र सम्वन्धित आयोजना प्रवर्दकले प्राधिकरणको पुर्न स्वीकृती प्राप्त गरी तेस्रो पक्षलाई पनि विक्रि गर्न सक्ने व्यवस्था मिलाउने व्यवस्था गर्ने ।*

आ.व. ०८२।०८३ को वजेट बक्तव्यको बुँदा नं. २२७ मा निम्नानुसार उल्लेख छ ।

> *जलविद्युत आयोजना सम्पन्न हुने समय तालिकासंग संगती मिल्ने गरी सवस्टेशन र प्रशारण लाईन निर्माण गरिनेछ । विद्युत उत्पादन र खपत वीच सन्तुलन कायम हुने गरी विद्युत खरिद गर्ने नीति लिइने छ । रन अफ रिभर आयोजनाको टेक एण्ड पे (Take and Pay) अवधारणा अनुरुप विद्युत खरिद संझौता गरिनेछ ।*

माननीय मन्त्री श्री दिपक खड्काको अध्यक्षतामा मिति २०८१।१२।१२ को ९९४ औं बैठकबाट गठित समितिले अनावश्यक दवावमा रहि तयार गरी पेश गरेको प्रतिवदनको

आधारमा माथि उल्लेखित ताकिएको समयमा निर्माण सम्पन्न नगरिएका आयोजनाहरु स्वतः Take and Pay अवधारण अनुसार विद्युत खरिद/विक्रि हुनु पर्नेमा सो संभ्कौतामा संशोधन गरी Take or Pay मा विद्युत खरिद गर्ने समयसिमा २०८९।०९० सम्म थप गर्न समितिले सिफारिस गरेको देखिन्छ ।

आ.व. ०८२।०८३ मा नेपाल विद्युत प्राधिकरण संचालक समितिको निर्णयानुसार १० मे.वा.सम्मको रन अफ रिभर आयोजनाहरुको विद्युत खरिद विक्रि सम्भ्कौता Take or Pay ( लिउ वा तिर) अवधारणामा गर्न अर्थ मन्त्रालयसंग अनुमति माग गरिएकोमा आ.व. ०८२।०८३ को वजेट बक्तव्यको सोही बुँदा २.२७ को आधारमा माग गरिए वमोजिमको Take or pay अवधारणामा विद्युत खरिद विक्रि संभ्कौता अनुमति प्राप्त हुन नसकेको यथार्थ छ।

माथि उल्लेखित सन्दर्भमा ने.वि.प्रा.संचालक समितिको मिति २०८२।११।०४ को १०२६ औं बैठकको संभ्कौता अनुसार Take and Pay मा रुपान्तरण हुनु पर्ने आयोजनालाई सो नगरी Take or Pay अवधारणामा नै विद्युत खरिद गर्नको लागि आयोजना सम्पन्न गर्ने समयसिमा २०८९।०९० सम्म कायम गर्ने निर्णय निम्न कारणहरुले समेत त्रुटीपुर्ण रहेको, ने.वि.प्रा.लाई नोक्सान पर्ने अवस्थाको रहेको, विद्युत खरिद विक्रि संभ्कौताको प्रतिकुल रहेको, निजि उर्जा उत्पादकको मात्र हितमा रहेको र मिलोमतोमा गरिएको प्रस्ट रहेकोले निर्णय प्रकृयामा संलग्नलाई नियमानुसार कारवाही गरी उक्त निर्णय खारेज योग्य देखिन्छ ।

क) ने.वि.प्रा. संचालक समितिको उक्त निर्णय सम्वन्धित निजि उर्जा उत्पादकहरुसंग भएको विद्युत खरिद विक्रि संभ्कौताको प्रतिकुल रहेको छ । तोकिएको समयावधि भित्र आयोजना निर्माण सम्पन्न नगरे विद्युत खरिद विक्रि संभ्कौता स्वतः Take and Pay मा रुपान्तरण हुने मुल शर्तको प्रतिकुल Take or Pay हुने गरी समयावधि थप गरिएको छ ।

ख) सामान्यतः संभ्कौता आपसी सहमतिमा संशोधन गर्दा सो को लाभ दुवै पक्ष अर्थात ने.वि.प्रा. र निजि उर्जा उत्पादकलाई हुनु पर्ने सर्वमान्य सिद्धान्तलाई बेवास्ता गरिएको देखिन्छ । ने.वि.प्रा.को उक्त निर्णय अनुसार Take or Pay को समयसिमा वढाई संभ्कौता संशोधन गर्दा सो को लाभ पुर्ण रुपमा निजि उर्जा उत्पादकलाई मात्र पुग्ने देखिन्छ ।

ग) निश्चित समयावधि भित्र निर्माण सम्पन्न गर्ने उदेश्यले विद्युत खरिद विक्रि संभ्कौता भएको आयोजनाहरु १० वर्ष वितिसक्दा पनि सम्पन्न नहुदा समेत त्यस्ता आयोजनाहरुको Take or Pay को समयावधि थप गरी मुल संभ्कौता संशोधन गर्न खोजिनु सिमित निजि उर्जा उत्पादकहरुको स्वार्थलाई पक्षपोषण गर्नु मात्र हो भन्ने कुरामा दुविधा रहेन । कुनै पनि संभ्कौताको कार्यान्वयन र संशोधन सोही संभ्कौताको उल्लेखित शर्तको आधारमा हुनु पर्दछ ।

घ) उक्त सम्वन्धित आयोजनाहरु तोकिएको समयमा सम्पन्न हुन सकेको भए ने.वि.प्रा.ले हिउदको समयमा महंगो दरमा विद्युत आयात गर्न पर्ने परिमाण कम हुने र वर्षामा विद्युत निर्यात गर्न सक्ने सम्भावनालाई समेत मध्येनजर गर्दा ने.वि.प्रा.लाई ठूलो नोक्सानी भएको प्रष्ट छ ।

ङ) हालको वर्षाहरुमा वर्षायाममा स्वदेशमा सम्पुर्ण उत्पादित उर्जा खपत नहुनुको साथै भारत तर्फ समेत सिमित परिमाणमा मात्र निर्यात हुने हुदा ठूलो परिमाणमा उत्पादित उर्जा प्रयोग नभई खेर जाने र Take or Pay मा विद्युत खरिद विक्रि संझौता गरिएकोले सो प्रयोग नभै खेर गएको उर्जाको समेत ने.वि.प्रा.ले भुक्तानी गर्नु पर्दा ने.वि.प्रा.लाइ ठूलो आर्थिक भार पर्न गएको छ । मुल सम्झौता अनुसार Take and Pay मा रुपान्तरण हुनु पर्ने आयोजनाको विद्युत खरिद विक्रि संझौता Take or Pay मा संझौता संशोधन गर्दा वर्षायाममा स्वदेशमा प्रयोग नभै एवं भारत तर्फ निर्यात समेत हुन नसकि खेर जाने उर्जाको सम्पुर्ण भुक्तानी ने.वि.प्रा.ले गर्नु पर्ने प्रस्ट छ । सोबाट ने.वि.प्रा.लाई ठूलो नोक्सानी हुने देखिन्छ ।

च) यसरी पटक पटक सिमित उर्जा उत्पादकहरुलाई लाभ हुने गरी विद्युत खरिद विक्रि संझौता संशोधन गर्दा अन्य निजि उर्जा उत्पादकहरु समान अवसरबाट उपलब्ध हुनबाट वञ्चित रहेको देखिन्छ । शुरुमानै सोही संशोधन हुन सक्ने किसिमको प्रावधान विद्युत खरिद विक्रि सम्झौतामा व्यवस्था गरिने उल्लेख भएको अवस्थामा अन्य निजि उर्जा उत्पादकहरुबाट समेत आयोजना निर्माण हुन **सक्थ्यो**।

छ) अर्थ मन्त्रालयबाट १० मे.वा.सम्मको रन अफ रिभर जल विद्युत आयोजनाहरुको Take or Pay मा विद्युत खरिद विक्रि गर्न सहमति प्राप्त नहुनु र आ.व. ०८२।०८३ को वजेट बक्तव्यको बुँदा नं. २२७ मा रन अफ रिभर प्रकृतिको आयोजनाको विद्युत खरिद विक्रि Take and Pay अवधारणामा नै गर्ने स्पष्ट उल्लेख भएको अवस्था तथा सोही अनुरुप कुनै पनि रन अफ रिभर जल विद्युत आयोजनाको Take or pay अवधारणामा PPA नभएको बर्तमान अवस्थामा आ.व. ०८२।०८३ र ०८४।०८५ मा निर्माण सम्पन्न हुन नसक्ने आयोजनाको विद्युत खरिद विक्रि सम्झौता Take and Pay मा स्वत: रुपान्तरण हुनु पर्नेमा सो नगरी Take or Pay मा विद्युत खरिद विक्रि हुने समयसिमा २०८९।९० सम्म थप हुने गरी विद्युत खरिद विक्रि सम्झौता संशोधन गर्ने निर्णय नेपाल सरकारको नीति अनुरुप छैन, कानून सम्मत छैन । Take and Pay मा रुपान्तरण हुने आयोजनाहरुलाई आ.व. २०८९।९० सम्म सम्पन्न गरे Take or Pay मा विद्युत खरिद विक्रि हुने गरी समयसिमा थप गर्नु र कुनै रन अफ रिभर आयोजनाको Take or Pay अवधारणामा PPA गर्नु एउटै होइन र?सामान्यत: ३ वर्षमा रन अफ रिभर आयोजनाको निर्माण सम्पन्न हुन्छ ।

ज) ने.वि.प्रा.ले एकातिर Take or Pay मा रन अफ रिभर आयोजनाको PPA नगर्ने तर Take and Pay मा रुपान्तरण हुनु पर्ने आयोजनाहरु Take or pay मा हुने गरी सम्झौता संशोधन गर्नु सोझो नियतले नभै मिलोमतोमा लाभ लिई ने.वि.प्रा.लाई नोक्सानी पुऱ्याउने उदेश्यले भएको प्रस्ट छ ।

झ) २०८२।११।४ मा संचालक समितिबाट भएको निर्णय ५० दिन पछि मात्र अर्थात सुशासनको प्रत्याभुती दिन प्रतिवद्ध सरकार गठन भएको १५ दिन पछि मिति २०८२।१२।२५ मा मात्र कार्यान्वयनको लागि पत्राचार गर्नुले सरकारको सुशासन सम्वन्धि नारालाई प्रष्ट रुपमा चुनौती दिएको छ ।

यस वाहेक विद्युत खरिद विक्रिमा निश्पक्षता र पारदर्शि भए /नभएको, सिमित उर्जा उत्पादकहरुको प्रभावमा परि विद्युत खरिद विक्रि र सोसंग सम्वन्धित कारवाहीहरु भए / नभएको एकिन गर्न कम्तीमा निम्न विषयहरुमा अध्ययन छानविन तथा जाँचवुझ हुन जरुरी छ ।

१. सवै RCOD म्याद थप संशोधन गरिएको आयोजनाहरु ।
२. सवै Connection Point/ Delivery Point संशोधन गरिएको आयोजनाहरु ।
३. ने.वि.प्रा.को २ मे.वा. क्षमताको म्याग्दी जिल्लामा अवस्थीत तातोपानी सा.ज.वि. केन्द्र वन्द हुने गरी माउन्टेन ईनर्जि नेपाल लि.बाट प्रर्वद्धित ४२ मे.वा.क्षमताको मिस्त्रीखोला जल विद्युत आयोजना निर्माण गर्ने सम्वन्धमा भएको ने.वि.प्रा. र माउन्टेन ईनर्जी वीचको संझौताहरु ।
४. सुपर सिक्स (Super six) हाइडो आयोजनाहरु (तल्लो सोलु ८२ मे.वा., माथिल्लो सोलु ३३.५ मे.वा., सिंगटि १६ मे.वा., खारे २४.१ मे.वा., मायाखोला १४.९ मे.वा. र मेवा खोला ५० मे.वा.) संग भएको ने.वि.प्रा.लाई प्रभावमा पारि गरिएको विद्युत खरिद /विक्रि संझौता ।
५. विदेशि मुद्रामा भुक्तानी गर्ने गरी विद्युत खरिद विक्रि संझौता गरिएको २१६ मे.वा. क्षमताको अपर त्रिशुली जल विद्युत आयोजना, ५० मे.वा. क्षमताको अपर मर्स्यांगदी जल विद्युत आयोजनाको विद्युत खरिद दर सम्वन्धमा ।
६. उस्तै प्रकृतिको आयोजनाको फरक फरक विद्युत खरिद विक्रि संझौता तथा सोमा उल्लेखित फरक फरक शर्तहरु सम्वन्धमा ।
७. विद्युत खरिद विक्रि संझौता गरी लामो समयसम्म निर्माण नगरेको तथा निर्माण शुरु गरी सम्पन्न नगरेको आयोजनाहरुको खरिद विक्रि सम्झौता रद्द गर्ने सम्बन्धमा ।

..................................

देशभक्त उर्जा उत्पादक समूह